नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(............ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल।

पत्र संख्या :- २०८०/८१
चलानी नम्बर :-

मितिः २०८०/०४/१४

# UDIN लागू गर्ने विषयमा सुझाव माग गरिएको

लेखा व्यवशायलाई थप मर्यादित, अनुशासित र जिम्मेवार बनाउन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले २०७६ कार्तिक १ गतेदेखि संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले हस्ताक्षर गर्ने कुनै पनि लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रमाणीकरण कार्यको लागि अनिवार्य रुपमा UDIN (Unique Document Identification Number) उल्लेख गर्नुपर्ने व्यवस्था गरेको र यस कार्यालयमा कम्पनीहरुको तर्फबाट पेश हुने लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरणमा पनि उक्त नम्वर अनिवार्य गर्न सुझाव सहितको जानकारी प्राप्त भएको छ ।

यस कार्यालयले संस्थागत सुशासन (Corporate Governance) लक्षीत विविध ल्याउने कार्य गरीरहेकोले कम्पनी प्रशासन सम्वन्धी कार्यमा प्रयोग हुने लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रमाणीकरण कार्यमा उक्त UDIN सम्वन्धी व्यवस्थालाई अनिवार्य गर्ने विषयमा सरोकारवाला व्यक्ति वा संस्थाको कुनै सुझाव भए सात दिन भित्र यस कार्यालयको इमेल info@ocr.gov.np मा पठाईदिनुहुन यो सूचना जारी गरिएको छ ।

(शेखर बाबु कार्की)
सूचना अधिकारी

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np